# नेवार समाज हङकङको

## विधान-२००५

## (प्रथम अधिवेशनमा संसोधनका लागि प्रस्तावित)

### प्रस्तावना

नेपालको बिभिन्न क्षेत्रहरुबाट हङकङ आई वसोवास गरी बिभिन्न पेशा तथा सेवामा संलग्न रही आएका जनजातिहरु मध्ये नेवार जाति पनि एक रहेको छ । यस जातिले नेपालका अन्य जाति तथा भाषाभाषीहरुले जस्तै आफ्नो मौलिक भाषा, संस्कृति,कला,साहित्यको माध्यमबाट नेपाललाई विश्वमा पहिचान गराउन महत्वपूर्ण योगदान रहेको छ । यस प्रकार आफ्नै मौलिक भाषा,संस्कृति,शिप,कला,बोकेका नेवार जाति विदेशमा आई बस्दै आफ्नो भाषा,संस्कृति बिर्सदै गएमा आफ्नो भाषा संस्कृति लोप हुदै आफ्नो मौलिकतामा समेत असर पर्न सक्ने महसूस गरी हङकङमा रहेका नेवार सामुदायलाई आफ्नो भाषा,संस्कृतिको माध्यमबाट एकजूट पारी आफ्नो मौलिक भाषा संस्कृतिको संरक्षण तथा सम्बर्धनमा सहयात्री बनाई सामाजिक,साँस्कृतिक र आर्थिक उन्नति गर्नुको साथै हङकङमा रहेका नेपाली तथा विदेशी जनजाति र संघ-संस्थासंग कला,संस्कृति आदान प्रदान गरी मैत्रीभाव कायम राखी नेपाललाई विश्व सामू स्वाभिमानी राष्ट्रकै रुपमा परिचित गराई राख्न कटिवद्ध रहने । यसै गरी नेपाल र हङकङ बिचको मैत्री सबन्धलाई अझ विकसित गर्दै लैजान साँस्कृतिक कार्यक्रमहरु आदान प्रदान गरी सहयोग गर्न आवश्यक महसुस गरी हङकङमा वसोवास गरी बसेका नेवारहरुको आपसी छलफल,सहयोग तथा समझ्दारी कायम गरी एउटा विशुद्ध सामाजिक संस्था खोल्न बाञ्छनीय भएकोले निम्न लिखित नाम रहने गरी एक गैह्र राजनैतिक तथा गैह्र सरकारी बिशुद्ध सामाजिक संस्था स्थापना गरिएको छ ।

# परिच्छेद १

# प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो संस्थाको नाम "नेवार समाज हङकङ" र अंग्रेजीमा "ल्भध्बच क्बअ ज्इल्न प्इल्न" रहको छ ।

२) अधिवेशनबाट पारीत भएपछि यो विधान लागु हुनेछ ।

३) यो संस्था दर्ता भएपछि यस अघि तदर्थ समितिबाट भए गरेका सम्पूर्ण काम यस विधान अनुसार भए गरेको मानिनेछ ।

**२. परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा उल्लेखित शब्द एवं वाक्यांशलाई निम्न अनुसार बुझि लिनु पर्दछ ।

१) "विधान" भन्नाले नेवार समाज हङकङको विधानलाई सम्झनु पर्दछ ।

२) "नियमावली" भन्नाले यसै विधान अन्तर्गत बनेका नियम तथा बिनियमलाई सम्झनु पर्दछ ।

३) "समाज" भन्नाले यस विधान अनुसार गठन भएको नेवार समाज हङकङ भनी सम्झनु पर्दछ ।

४) "ल्क्ज्प" भन्नाले अंग्रेजीमा "ल्भध्बच क्बअ ज्इल्न प्इल्न" भनि सम्झनु पर्दछ ।

५) "सभा" भन्नाले नेवार समाज हङकङको साधारण तथा असाधारण सभालाई सम्झनु पर्दछ ।

६) "वैठक" भन्नाले यसै विधानबाट गठन गरिएका कार्यकारिणी समिति लगायत अन्य समिति आदिको वैठकलाई सम्झनु पर्दछ ।

७) "पदाधिकारी" भन्नाले यस विधान अनुसार गठित कार्यसमितिका सदस्यहरु एवं समाजको नियम विनियममा तोकिएको पदमा पदासीन भएका ब्याक्तिहरुलाई जनाउदछ ।

८) "सदस्य" भन्नाले यस विधानको परिच्छेद ३ को धारा ६ को उपधारा १ देखि ५ अनुसार सदस्यता प्राप्त गरेका व्याक्तिहरुलाई जनाउदछ ।

९) “कार्यकारीणी सदस्य” भन्नाले यस विधानको परिच्छेद ६ को धारा १४ को उपधारा १ अनुसार गठन भएको समितिलाई जनाउदछ ।

१०) “कोष” भन्नाले नेवार समाज हङकङको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क,संस्था तथा व्याक्तिहरुबाट प्राप्त हुने दान,दातब्यको रकम तथा अन्य आयश्रोतबाट प्राप्त हुने चल तथा अचल सर्म्पतिहरु समेतको रकमलाई सम्झनु पर्दछ ।

११) “आर्थिक बर्ष” भन्नाले अप्रीलदेखि मार्च मसान्त सम्मलाई सम्झनु पर्दछ ।

१२) “अधिवेशन” भन्नाले नेवार समाज हङकङको प्रत्येक दुई वर्षमा हुने साधारण सभालाई सम्झनु पर्दछ ।

**३. संस्थाको कार्यालयः यस समाजको कार्यालय हङकङमा रहनेछ ।**

## ४. अनुसूचिहरुको व्यवस्थाः

संस्थाको प्रतिक चिन्ह,छाप,झण्डा.... अनुसूचि १,२,३..... बमोजिम हुनेछन् ।

# परिच्छेद २

## संस्थाका उद्धेश्यहरुः

५. समाजको उद्धेश्यः

हङकङ सरकारको प्रचलित कानुनको अधिनमा रही समाजको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

१) नेवारहरु बीच एक आपसमा समानताको भावना अभिबृद्धि गराई ज्ञान, शिप,कलाको माध्यमबाट एकले अर्कालाई सहयोग गरी जीवन सुव्यवस्थित बनाउन प्रयास गर्ने ।

२) नेवार जातिको भाषा,साहित्य,कलाको संरक्षण र सम्वर्धन गर्ने ।

३) नेवार समुदायको जीवनस्तर उच्च बनाउन बिबिध प्रकारका आर्थिक,सामाजिक,शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

४) हङकङमा रहेका जनजाति, नेपाली तथा विदेशी संघ-संस्थाहरुसंग मैत्रीभाव कायम गरी नेपाली राष्ट्रिय स्वाभिमानलाई अझ उच्च वनाउन प्रयासरत रहने ।

५) बहुजाति, बहुभाषी, बहुसांस्कृतिक देश नेपाल र बहुजाति बहुसांस्कृतिक एवं विश्व व्यापार केन्द्रको रुपमा रहेको हङकङका जनता विचको मैत्रीपूर्ण सम्वन्धलाई आ-आफनै कला संस्कृति आदान प्रदान तथा अन्य सामाजिक कार्यहरु गरी अझ मचबुत पार्न कटिबद्ध रहने ।

६) नेवार समुदायको विकासको निम्ति अन्य विविध सामाजिक क्रियाकलाप गर्ने ।

७) विश्वका अन्य ब्यक्ति तथा संघ-संस्थासंग सम्पर्क गरी नेवारी कला संस्कृतिलाई अझ विकास गर्ने ।

# परिच्छेद ३

## सदस्यता सम्बन्धि व्यवस्था

**६. सदस्यताको वर्गीकरण तथा शुल्कः**

**१) साधारण सदस्यः** प्रत्येक दुई बर्षको लागि हङकङ डलर १०० (एक शय) प्रति व्यक्ति तथा श्रीमान/श्रीमतिको हकमा एकमुष्ट हङकङ डलर १५० (एक शय पचास) शुल्क तिरी साधारण सदस्य प्राप्त गर्न सक्नेछन् ।

**२) आजीवन सदस्यः** एकमुष्ट हङकङ डलर १,००० (एक हजार) प्रति व्यक्ति तथा श्रीमान/श्रीमतिको हकमा एकमुष्ट हङकङ डलर १,५०० (एक हजार पाँच शय) शुल्क तिरी आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**३) संरक्षक सदस्यः** एकमुष्ट हङकङ डलर ५,००० ( पाँच हजार ) शुल्क तिरी आजीवनसंरक्षक सदस्यता प्राप्त गर्न सक्नेछन् । संरक्षक सदस्यले समाजको उद्देश्य प्राप्तीको कार्यमा प्रत्यक्ष संलग्न भई कार्यक्रम गर्न इच्छाभएमा कार्यकारिणी समितिको कुनै पनि वैठकमा सहभागी हुन पाउनेछन् । निजलाई संस्थाको विषेश कार्यक्रम तथा समारोहमा विशेष स्थान दिइनु पर्दछ । संस्थाको महत्वपूर्ण निर्णय,संस्थाको आयोजनामा हुने कार्यक्रमहरुको अग्रीम जानकारीका साथै प्रकाशनहरु उपलब्ध गराउनु पर्नेछ । निजलाई सम्मानजनक व्यवहार गरिनु पर्दछ ।

**४) सहयोगी सदस्यः** नेवार जाति नभएर पनि नेवार समुदायको भाषा संस्कृतिलाई संरक्षण तथा सम्बर्धन गरी आएका र यस समाजको विधानको आधारमा नेवार समाज हङकङलाई सहयोग गर्ने इच्छा भएका कुनै पनि नेपाली तथा विदेशी नागरिकलाई प्रत्येक दुई बर्षको लागि एकमुष्ट हङकङ डलर २०० (दुई शय ) शुल्क तिरी सहयोगी सदस्य प्राप्त गर्न सक्नेछन् ।

तर सहयोगी सदस्यले समाजको कुनै पनि चुनावमा उमेदवारी बन्ने र समाजको कुनै पनि पदको लागि दाबेदार बन्न पाउने छैनन् ।

**५) सम्मानित सदस्यः** नेवार जातिको भाषा, संस्कृति,कलाको संरक्षण र सम्बर्धन गर्ने कार्यमा विशिष्ट योगदान पुर्‍याइ आएका अन्य भाषाभाषी तथा जनजातिका कुनै पनि ब्यक्ति वा संस्थालाई निज वा उक्त संस्थाको कार्यको कदर स्वररुप कार्यकारिणी समितिले साधारण सभा तथा अधिवेशन मार्फत अनुमोदन गराई लागु गरिने छ ।

**७. सदस्यताको योग्यताः** नेवार समाजको उद्धेश्य अनुरुप समाजको उत्थान गर्न अभिरुचि एबं अस्था भएका १८ बर्ष उमेर पूरा पुगेका नेवारहरु यस समाजको सदस्य हुन सक्नेछन् ।

**८. सदस्यता प्रदान गर्ने बिधिः**

१) यसै विधानको अनुसूचि ५ वमोजिमको फारममा १ जना सदस्यको सिफारिस सहित निवेदन दिनु पर्नेछ । सो निवेदनको आधारमा कार्यकारिणी समितिको निर्णय अनुसार सदस्यता प्रदान गरिनेछ ।

**९. सदस्यताको अयोग्यता वा सदस्यता नरहने अवस्थाः**

१) १८ बर्ष नपुगेको ।

२) सदस्यबाट राजीनामा दिइ स्वीकृत भएमा ।

३) सदस्यको मृत्यु भएमा ।

४) नेवार समाज हङकङको उद्धेश्य तथा आचरण (आचार संहिता) विपरीतको क्रियाकलाप गरेको प्रमाणित भएमा । आचार संहिता कार्यकारिणी समितिले निर्माण गरी लागु गर्नेछ ।

# परिच्छेद ४

# सभा तथा अधिवेशन

**१०. साधारण सभा तथा अधिवेशनः**

यस विधानमा उल्लेख गरिएका सम्पूर्ण सदस्यहरुले भाग लिन पाउने गरी प्रत्येक एक बर्षमा हुने सभालाई साधारण सभा र प्रत्येक दुई बर्षमा हुने सभालाई अधिवेशन भनिनेछ । साधारण सभा तथा अधिवेशनको खुल्ला सत्रको सभापति कार्यकारिणी समितिको अध्यक्षबाट र सभा सञ्चालन सचिवद्धारा गरिनेछ । निजको अनुपस्थितिमा कार्यकारिणी समितिको उपाध्यक्षले र दुवैको अनुपस्थितिमा कार्यकारिणी समितिले तोकेको व्याक्तिले सभापतित्व गर्नेछन् । साधारण सभा तथा अधिवेशनको सूचना

र छलफलका मूख्य विषयहरु सहित कम्तिमा १५ दिन अगावै प्रत्येक सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

**११. साधारण सभा तथा अधिवेशनको गणपूरक संख्याः**

साधारण सभा तथा अधिवेशनको सञ्चालन ५१ प्रतिशत सदस्यको उपस्थितिमा हुनेछ । विधान संशोधन र अविश्वासको प्रस्ताव उपर छलफल र पारीत गर्न भने दुई तिहाई र अन्यमा ५१ प्रतिशत सदस्यको उपस्थिति नभै गणपूरक संख्या मानिने छैन । तर पहिलो पटक जारी गरेको सूचनामा साधारण सभा तथा अधिवेशन बस्न नसकेमा दोस्रो पटक बोलाइने साधारण सभा तथा अधिवेशन सञ्चालन गर्न ३३ प्रतिशत सदस्य उपस्थित हुनु पर्नेछ । दोस्रो पटकको साधारण सभा तथा अधिवेशन पनि बस्न नसकेमा तेस्रो पटक बोलाइने साधारण सभा तथा अधिवेशनमा २५ प्रतिशत सदस्य उपस्थित सदस्यलाई पनि गणपूरक संख्या मानिनेछ ।

**१२. साघारण सभा तथा अधिवेशनको काम, कर्तब्य र अधिकारः**

१) कार्यकारिणी समितिले प्रस्तुत गरेको लेखा परिक्षण तथा वार्षिक प्रतिवेदनमा छलफल गरी आवश्यक वजेट स्वीकृत गर्ने ।

२) कार्यकारिणी समितिको लागि सदस्यहरु निर्वाचत गरी पठाउने ।

३) आगामी बर्षको कार्यक्रम योजनाहरु स्वीकृत गर्ने ।

४) लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५) विधान अनुरुप कार्यकारिणी समितिले पारीत गरी स्वीकृतिको लागि पठाएको नियम,विनियम तथा अनुसूचिहरुमा छलफल गरी पारीत गर्ने वा शंशोधन सहित स्वीकृत गर्ने ।

६) विधान शंशोधन गर्ने ।

७) अविश्वाशको प्रस्तावमा छलफल गरी निर्णय गर्ने ।

# परिच्छेद ५

# निर्वाचन आयोग

**१३. निर्वाचन सम्बन्धि व्यवस्थाः**

१) समाजको सबै समितिहरुको निर्वाचन गोप्य मतदानबाट हुनेछ ।

२) निर्वाचनको लागि एक निर्वाचन अधिकृत सहित बढीमा ३ जना सम्मको एक निर्वाचन आयोग कार्यकारिणी समितिले गठन गर्न सक्नेछ ।

३) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम प्रकाशित गरेपछि सोही वमोजिम समितिको निर्वाचन हुनेछ ।

४) निर्वाचन आयोगले तोकेको नियमानुसार कुनै पनि पदाधिकारीले दरखास्त गर्नु पर्नेछ ।

५) खसेको मतको बहुमत प्राप्त उमेदवार निर्वाचित भएको घोषणा गरिनेछ ।

परिच्छेद ६

कार्यकारिणी समिति

**१४. कार्यकारिणी समितिको गठनः**

१) अधिवेशनमा उपस्थित सदस्यहरु मध्येबाट निर्वाचन प्रक्रियाद्धारा ११ जना सदस्यको एक कार्यकारिणी समिति देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) सचिव १ जना

(घ) सह-सचिव १ जना

(ङ) कोषाध्यक्ष १ जना

(च) कार्यकारिणी सदस्य ४जना

(छ) कार्यकारिणी सदस्य २ जना (अध्यक्षबाट मनोनित)

२) कार्यकारिणी समितिका पदाधिकारीहरुको कार्यकाल दुई बर्षको हुनेछ तर मनोनित सदस्यहरुको पदावधि अन्य अवस्थामा बाहेक आसन्न साधारण सभा वा अधिवेशनसम्म हुनेछ ।

**१५. कार्यकारिणी समितिको बैठकः**

१) कार्यकारिणी समितिको बैठक अनिवार्य रुपमा प्रत्येक दुई महिनामा एक पटक बस्नेछ र आवश्यक परेमा कुनै पनि समयमा बस्न सक्नेछ ।

२) वैठकको गणपूरक संख्या धारा ११ अनुसार हुनेछ ।

३) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छन् र वैठकमा छलफल गरिने विषयहरुको जानकारी वैठक बस्ने मितिभन्दा १ हप्ता अगावै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

**१६. कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकारः**

१) साधारण सभा तथा अधिवेशनको नीति, निर्देशन र निर्णय कार्यन्वयन गर्ने गराउने ।

२) समाजको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

३) समाजको उद्देश्य प्राप्तिको लागि विभिन्न व्यक्ति तथा संस्थाहरुसंग सम्वन्ध स्थापित र विस्तार गर्नको साथै आवश्यक भए विभाग तथा उपसमितिहरु खोल्ने र त्यस्ता विभाग तथा उपसमितिहरुको लागि आवश्यक नीति नियम तर्जुमा गर्ने ।

४) समाजको लागि आवश्यक कार्मचारी नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

५) कार्यकारिणी समितिका पदाधिकारीहरुको राजीनामा स्वीकृती गर्ने ।

६) आवश्यक भएमा विधानको परिधिभित्र रही थप नियम तथा नियामावली र अनुसूचिहरु बनाई साधारण सभा तथा अधिवेशनबाट अनुमोदन गरी लागू गराउने ।

७) कार्यकारिणी समितिका सबै पदाधिकारीहरु साधारण सभा तथा अधिवेशन प्रति उत्तरदायी हुनेछन् ।

८) कारणबश समितिका पदाधिकारीहरुको कुनै पद रिक्त हुन आएमा साधारण सभा तथा अधिवेशन नहुञ्जेल सम्मको लागि सदस्यहरु मध्येबाट मनोनित गरी कार्य सञ्चालन गर्ने ।

९) निर्वाचनको लागि निर्वाचन आयोग गठन गर्ने र निर्वाचित सदस्यहरुको नयाँ समिति बनेपछि निर्वाचन आयोग स्वतः निश्कृय हुनेछ ।

# परिच्छेद ७

# पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

**१७. कार्यकारिणी समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

१) अध्यक्षः

(क) कार्यकारी प्रमुखको रुपमा नेतृत्वको जिम्मा लिने ।

(ख) कार्यकारिणी समिति, साधारण सभा तथा अधिवेशनको अध्यक्षता गर्ने ।

(ग) समाजको तर्फबाट सरकारी तथा गैह्र सरकारी संस्थामा प्रतिनिधित्व गर्ने वा गराउने ।

(घ) कार्यकारिणी सदस्यहरुको राजीनामा स्वीकृत गर्ने ।

(ङ) कुनै प्रस्तावमा मत बराबर परेमा निर्णायक मत दिने ।

(च) विधानको भावना अनुरुप अन्य आवश्यक कार्य गर्ने गराउने ।

२) उपाध्यक्षः

(क) अध्यक्षको कार्य सम्पादनमा सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने ।

(ग) कार्यकारिणी समितिले सुम्पेको जिम्मेवारी बहन गर्ने ।

३) सचिवः

(क) अध्यक्षको निर्देशन अनुसार कार्यकारिणी समिति, साधारण सभा तथा अधिवेशनको वैठक बोलाउने ।

(ख) संस्थाको दस्ताबेजहरु सुरक्षित राख्ने ।

(ग) साधारण सभा तथा अधिवेशनमा कार्यसमितिको प्रतिवेदन प्रस्तुत गर्ने ।

(घ) वार्षिक कार्ययोजना तयार गर्ने ।

(ङ) संस्थाको कर्मचारीहरुको पारिश्रमिक व्यवस्था गर्ने ।

(च) विभिन्न्न संघसंस्था तथा कार्यालयहरुमा सम्पर्क तथा पत्रचार गर्ने ।

(छ) संस्था सम्बन्धि अन्य प्रशाशनिक कार्यहरु सम्पादन गर्ने ।

४) सह-सचिवः

(क) सचिवको कार्यसम्पादनमा सहयोग गर्ने ।

(ख) सचिवको अनुपस्थितिमा निजको सम्पूर्ण कार्यभार सम्हाल्ने ।

(ग) कार्यकारिणी समितिले सुम्पेको अन्य जिम्मेवारी बहन गर्ने ।

५) कोषाध्यक्षः

(क) संस्थाको कोष सञ्चालन गर्ने र चल अचल सम्पत्तिको श्रेस्ता दुरुस्त राख्ने ।

(ख) कार्यकारिणी समितिको राय लिई संस्थाको बजेट तयार पारी कार्यकारिणी समिति मार्फत साधारण सभा तथा अधिवेशनबाट अनुमोदन गराउने ।

(ग) संस्थाको आर्थिक स्थिति सुदृढ पार्न आवश्यक योजनाहरु तयार गर्ने ।

(घ) संस्थाबाट नियुक्ति लेखापरिक्षकबाट आर्थिक बर्ष समाप्त भएको अर्को महिनामा लेखा परिक्षण कार्य सञ्चालन गर्ने ।

(ङ) साधारण सभा तथा अधिवेशन मार्फत आर्थिक प्रतिवेदन पेश गर्ने ।

**१८. कार्यकारिणी समितिको सदस्यहरुको काम, कर्तव्य र अधिकारः:**

१) कार्यकारिणी समितिको वैठकमा छलफल हुने प्रस्तावहरु भए अध्यक्ष वा सचिवलाई जानकारी गराउने ।

२) कार्यकारिणी समितिको वैठकमा उपस्थित भइ आफ्नो राय व्यक्त गर्ने ।

३) कार्यकारिणी समितिको वैठकमा मतमतान्तर भएमा आफ्नो मत दिने ।

४) कार्यकारिणी समितिले सुम्पेको जिम्मेवारी बहन गर्ने ।

# परिच्छेद ८

## आर्थिक श्रोत तथा कोषको व्यवस्थाः

### १९. आर्थिक श्रोतः

१) सदस्यता शुल्कबाट प्राप्त हुने रकम ।

२) हडकड सरकार, स्थानिय वा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त दान,दातव्य, उपहार, पुरस्कार आदि ।

३) अन्य शुल्कः समाजको उद्धेश्य परिपूर्ति गर्नको लागि कार्यकारिणी समितिले आवश्यक्ता अनुसार अन्य शुल्क पनि तोकी लागू गर्न सक्नेछ ।

### २०. कोषको व्यवस्थाः

१) धारा १९ वमोजिम प्राप्त आय श्रोतको रकमको एक छुट्टै कोषको व्यवस्था गरिनेछ । जुन रकम कार्यकारिणी समितिको निर्णय अनुसार समाजको नाममा बैंक खाता खोली जम्मा गरिनेछ । यस खाताको सञ्चालनमा अध्यक्ष,सचिव र कोषाध्यक्ष मध्ये कुनै दुई को संयुक्त दस्तगतबाट सञ्चालन गरिनेछ ।

२) कार्यकारिणी समितिको साधारण रेखदेखमा कोषको सम्पूर्ण जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

### २१. खर्च व्यवस्थाः

१) समाजको कार्य सञ्चालनको लागि गरिने खर्चहरु बजेटको परिधिभित्र रही अध्यक्ष र सचिवको स्वीकृतिमा गरिने छ ।

२) साधारण सभाबाट बजेटको स्वीकृत गरी नसकेको अवस्थामा समाजको खर्च सञ्चालनको लागि पछि स्वीकृत बजेटमा समायोजन गर्ने गरी वार्षिक अनुमानित बजेटको २५ प्रतिशत रकम अध्यक्षको स्वीकृतीले पेश्की खर्च गर्न सकिनेछ ।

**२२. लेखा परिक्षण :**

१) समाजको आयव्ययको हिसावको लेखा परिक्षण साधारण सभा तथा अधिवेशनले तोकेको मान्यता प्राप्त लेखा परिक्षकद्धारा गरिनेछ ।

२) लेखा परिक्षकले लेखा परिक्षण गरीदिएको प्रतिवेदन कोषाध्यक्षले साधारण सभा तथा अधिवेशनमा दुरुस्त पेश गर्नु पर्नेछ ।

३) कार्यकारिणी समितिले समाजको हिसाव किताव लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष स्थानिय अधिकारी समक्ष आवश्यक भएमा पेश गरिनेछ ।

# परिच्छेद ९

**सल्लाहकार, विभाग तथा अन्य समितिहरुको व्यवस्था**

**२३. सल्लाहकार:**

१) कार्यकारिणी समितिलाई आवश्यक सल्लाह र सुझाव दिनको लागि समाजको विविध क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुलाई आवश्यकता अनुसार सल्लाहकार नियुक्त गर्न सकिनेछ ।

२) भूतपूर्व अध्यक्षहरु पदेन सल्लाहकार हुनेछन् ।

३) सल्लाहकारहरुलाई कार्यकारिणी समितिले वैठकमा बोलाइएको अवस्थामा उपस्थित भई समाजको हितको निमित्त आवश्यक सल्लाह र सुझाव दिन सक्नेछन् तर वैठकमा मताधिकार भने हुने छैन ।

**२४. विभाग तथा अन्य समितिहरुको व्यवस्था:**

१) कार्यकारिणी समितिले आवश्यकता अनुसार बनाईएका विभिन्न विभाग तथा अन्य समितिहरुले कार्यकारिणी समितिले दिएको नीति निर्देशन अनुसार काम कार्वाही गर्नु पर्नेछ ।

परिच्छेद १०

विविधः

**२५. नियम विनियम बनाउनेः**

समाजको उद्धेश्य प्राप्तीको लागि आवश्यक भएमा यस विधानको अधिनमा रही कार्यकारिणी समितिले छुट्टै कार्यविधि नियम तथा विनियम बनाई लागु गर्न सक्नेछ ।

**२६. विधान संशोधनः**

१) यस विधानको कुनै पनि धारा तथा उपधारा संशोधन गर्न आवश्यक महसूस भएमा संशोधन गर्नु पर्ने धारा तथा उपधाराहरु के के हुन् लिखित रुपमा साधारण सभा वा अधिवेशनमा पेश गर्नु पर्नेछ ।

२) साधारण सभा वा अधिवेशनमा संशोधनका लागि प्रस्तावित धारा तथा उपधारा साधारण सभा वा अधिवेशनको दुई तिहाई मतबाट मात्र संशोधन गर्न सकिनेछ ।

३) यसरी दुई तिहाई मतद्धारा पारीत भएको प्रस्तुत संशोधित धारा तथा उपधाराहरु कार्यन्वयनमा ल्याइने छ ।

**२७. अविश्वासको प्रस्तावः**

१) समाजको कुनै पनि पदाधिकारी वा सदस्य विरुद्ध सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरुको बहुमतले अविश्वाशको प्रस्ताव पारीत गर्न सकिनेछ ।

२) त्यस्तो प्रस्ताव साधारण सभा वा अधिवेशन हुनु भन्दा एक हप्ता अगाडि कार्यकारिणी समितिमा दर्ता गराउनु पर्नेछ ।

३) अध्यक्ष विरुद्धको अविश्वाशको प्रस्ताव उपाध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**२८. अनुशासनको कार्वाहीः**

१) कुनै पनि सदस्यले समाजलाई आँच आउने क्रियाकलाप गरेको वा समाजको विधान विपरीत कार्य गरेको वा समाजको अहित हुने काम कुरो गरेको प्रमाणित भएमा निजलाई कार्यकारिणी समितिले अनुशासनको कार्वाही वा निश्काशन समेत गर्न सक्नेछ ।

२) धारा २८ उपधारा १ अनुसार कार्वाही गर्नु पूर्व सम्बन्धित सदस्यलाई एकपटक स्पष्टिकरण दिने अवसरबाट भने बञ्चित गरिने छैन ।

**२९. विधान निश्क्रिय हुनेः**

यस विधानमा लेखिएका कुराहरु हडकडको प्रचलित कानूनसंग वा यसै विधानसंग बाझीएमा वा बाझीएको हद् सम्म स्वतः निश्कियः हुनेछन् ।

**३०. संस्थाको विघटनः**

संस्थाको विधान अनुसार कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नेपालको सरकारमा आधा र हङकङको सरकारमा आधा सर्नेछ ।

**३१. शपथ ग्रहणः**

यस समाजको कार्यकारिणी समितिको निर्वाचित पदाधिकारीहरुले निर्वाचन आयुक्तसंग र मनोनित तथा अन्य पदपूर्ति गरिएका सदस्यहरुले कार्यकारिणी समितिको अध्यक्षबाट देहाय वमोजिम शपथ ग्रहण गर्नु पर्दछ ।

म..................तपाईहरुको सहयोग र विश्वासले नेवार समाज हङकङको ..............पदमा निर्विरोध/बहुमतले निर्वाचित भएकोमा गौरवको अनुभूति गर्दै क्षमताले भ्याएसम्म निश्वार्थ भावले इमान्दारीपूर्वक आफ्नो पद्को जिम्मेवारी पालना गर्नेछु । नेवार समाज हङकङको विधानको उद्धेश्य प्राप्तीका लागि विधानको अधिनमा रही काम गर्नेछु । हङकङमा रहेका जनजाति,नेपाली तथा विदेशी संघ-संस्थासंग मैत्रीभाव कायम गरी नेवार तथा नेपाली समुदायका साथै नेपाल तथा हङकङको स्वाभिमानलाई अझ उच्च राख्न सधैं तत्पर रहने वाचा गर्दछु ।